पाठ ४५

१. जकारिया र एलिशीबालाई छोरा दिने भन्ने प्रतिज्ञा के परमेश्वरले कायम राख्नुभयो ?
- राख्नुभयो ।

२. जकारियालाई कसरी उद्धारकर्ता आउनुहुन्छ र मानिसहरूलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउनुहुन्छ भन्ने थाहा थियो ?
- किनभने जकारियाले परमेश्वरको पुस्तक बाइबल पढ्थे र त्यसमा पढेअनुसार परमेश्वरले उद्धारकर्ता पठाउनुहुन्छ भनेर थाहा पाए ।

३. जकारियाका छोरा यूहन्नाले गर्ने काम के थियो ?
- यूहन्नाले परमेश्वरको अघि अघि उहाँको मार्ग तैयार पार्न जानुपर्थ्यो ।

४. यो परमेश्वर को हुनुहुन्थ्यो जसको अघिअघि यूहन्नाले उहाँको मार्ग तैयार पार्नुपर्थ्यो ?
- येशू, उद्धारकर्ता परमेश्वर ।

५. आउनुहुने उद्धारकर्ता कसरी उदाउँदो सूर्यजस्तो हुनुहुन्छ ?
- बिहानको सूर्यले अँध्यारोलाई चिर्दै उज्यालो दिएजस्तै उद्धारकर्ता शैतानको अँध्यारोलाई चिर्दै आउनुहुनेथियो ।

६. संसारमा कतिवटा सूर्य छन् ?
- केवल एक ।

७. परमेश्वरले कतिजना उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभयो ?
- केवल एक ।

- धेरै वर्ष पहिले परमेश्वरले अब्राहाम, इसहाक र याकूबसँग तिनीहरूका वंशजबाट एकजना उद्धारकर्ता पठाउछु भनेर प्रतिज्ञा गर्नुभयो ।

- अब धेरै वर्ष पछि पनि परमेश्वरले अब्राहाम, याकूब र इसहाकसँग गरेको प्रतिज्ञा कायम राख्नुभयो ।

आउनुस् मत्ती १:१-२ पद पढौं ।

प्रिय थियोफिलस: किनभने धेरै मानिसहरूले हाम्रा बीचमा घटेका घट्नाहरूको बिषयमा इतिहास लेख्ने चेष्टा गरेका छन्। [2] तिनीहरूले ती कुराहरू नै लेखेका छन् जुन कुराहरू शुरूदेखि नै हामीलाई ती मानिसहरू जो साक्षीहरू र परमेश्वरका संदेशको सेवकहरूले बताउँदै आएका छन्।

- येशू ख्रीष्ट कसको वंशजबाट हुनुहुन्थ्यो ।

- अब्राहाम, इसहाक र याकूबको वंशबाट ।

- परमेश्वरले अगमवक्ताहरूसँग धेरै वर्ष पहिले प्रतिज्ञा गर्नुभएजस्तै येशू ख्रीष्ट अब्राहाम, इसहाक र याकूबको वंशबाट आउनु हुनेथियो ।

- परमेश्वरले कहिल्यै उहाँको प्रतिज्ञा भङ्ग गर्नुहुन्न ।

- परमेश्वरले जहिल्यै पनि उहाँको प्रतिज्ञा कायम राख्नुहुन्छ ।

- कुन यहूदी राजाको वंशबाट पनि येशू आउनुभएको हो ।

- राजा दाऊदको वंशजबाट ।

- परमेश्वरले अगमवक्ताहरूसँग धेरै वर्ष पहिले प्रतिज्ञा गर्नुभएजस्तै येशू ख्रीष्ट दाऊदको वंशबाट आउनु हुनेथियो ।

- परमेश्वरले उहाँको प्रतिज्ञा कहिल्यै भङ्ग गर्नुहुन्न ।

- परमेश्वरले जहिल्यै उहाँको प्रतिज्ञा कायम राख्नुहुन्छ ।

- येशूको अर्को नाउँ ख्रीष्ट हो ।

- येशूको ख्रीष्ट नाउँको अर्थ के हो ?

- ख्रीष्टको नाउँको अर्थ अगमवक्ता, पूजारी र राजा हो ।

- ख्रीष्ट नाउँको अर्थ अगमवक्ता हो ।

- येशू परमेश्वरबाट पठाइनुभएका महान् अगमवक्ता हुनुहुन्थ्यो ।

- येशू कसरी महान् अगमवक्ता हुनुहुनेथियो ?

- किनभने येशूले महान् सन्देश दिनुहुनेथियो, परमेश्वर स्वयम्का शब्दहरू ।

- ख्रीष्ट नाउँको अर्थ पूजारी पनि हो ।

- येशू परमेश्वरले पठाउनुभएका महान् पूजारी हुनुहुन्थ्यो ।

- येशू कसरी महान् पूजारी हुनुहुनेथियो ?

- किनभने येशूले सबैभन्दा ठूलो बलि दिनुहुने थियो ।

- येशू परमेश्वरले पठाउनुभएका महान् पूजारी हुनुहुने थियो जसले सबैभन्दा ठूलो बलिदान दिनुहुने थियो ।

- ख्रीष्ट नाउँको अर्थ राजा पनि हो ।

- येशू दाऊदको वंशमा राजाको रूपमा शासन गर्न पठाइनुभएको थियो ।

- येशू महान् राजा बन्नको निम्ति परमेश्वरद्वारा पठाइनुभएको थियो ।

- येशू किन महान् राजा बन्नुहुने थियो ।

- किनभने येशूको शासन सधैंसधैंको लागि हुनेथियो ।

- येशू परमेश्वरद्वारा पठाइनुभएको सधैं सधैंलाई शासन गर्न पठाइनुभएको महान् राजा हुनुहुन्थ्यो ।

- केवल येशू ख्रीष्ट मात्रै परमेश्वरद्वारा प्रतिज्ञा गरिएका उद्धारकर्ता हुनुहुन्थ्यो ।

- केवल येशू ख्रीष्ट मात्रै परमेश्वरद्वारा प्रतिज्ञा गरिएका मानिसलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउन सक्ने व्यक्तित्व हुनुहुन्थ्यो ।

- परमेश्वरले एकजना स्वर्गदूतलाई मरियमकहाँ तिनले उद्धारकर्तालाई जन्म दिनेछिन् भन्ने कुरा सुनाउन पठाउनुभयो ।

- तर मरियमको एकजना युसूफ नाउँ गरेका मानिससँग बिहे हुने पक्का भएको थियो ।

- त्यहाँ समस्या थियो ।

- मरियम कन्या थिइन् र तिनको योसेफसँग विवाह हुने पक्का थियो तर तिनको पेटमा बच्चा थियो ।

- युसुफको मरियमसँग विवाह भइनसकेका हुनाले तिनको यौन सम्पर्क मरियमसँग भएको थिएन ।

- किनभने मरियम बच्चासँग थिइन् त्यसोभएको हुनाले योसेफले के विचार गरे ?

- योसेफले मरियमले अरू मानिसँग यौन सम्पर्क गरेकी होलिन् भन्ने विचार गरे ।

- त्यसकारण योसेफले मरियमलाई त्याग गर्ने विचार गरे ।

आउनुस् मत्ती १:१८-१९ पद पढौं ।

18 जकरियाले स्वर्गदूतलाई भने, "यो कुरा साँच्चो हो भनेर म कसरी निश्चित हुनु? म एउटा बूढो मानिस हुँ, अनि मेरी पत्नी पनि बुढी नै छिन्?"
19 ती स्वर्गदूतले जवाफ दिए, "म गाब्रिएल हुँ। म परमेश्वरको अघि खड़ा रहन्छु। परमेश्वरले नै मलाई तिमीसित कुरागर्न र यिनै खुशीको सुसमाचार दिन पठाउनु भएको हो।

- के मरियमको कुनै लोग्नेमानिससँग यौन सम्पर्क भएको थियो ?
- थिएन ।

- त्यसोभए मरियम कसरी गर्भवती भइन् त ?

- पवित्र आत्मा परमेश्वरले एक चमत्कार गर्नुभयो र मरियम गर्भवती भइन् ।
- बालक जो मरियमको गर्भमा हुनुहुन्थ्यो उहाँ उद्धारकर्ता परमेश्वर हुनुहुन्थ्यो ।

- परमेश्वरले योसेफले मरियमसँग विवाह विच्छेद गरेको चाहनुभएन ।

- त्यसकारण योसेफसँग सपनामा कुरा गर्नलाई उहाँले एकजना स्वर्गदूत पठाउनुभयो ।

आउनुस् मत्ती १:२०-२१ पद पढौं ।

[20] अब सुन। यी कुराहरू पूरा नहुन्जेल सम्म तिमी लाटो हुनेछौ र बोल्न सक्नेछैनौ। किनभने मैले भनेको कुराहरू जो आफ्नो समयमा सत्य हुनेछ तिमीले विश्वास गरेका छैनौ।" [21] बाहिरपट्टि, मानिसहरूले जकरियालाई पर्खिरहेका थिए। मन्दिरमा यति लामो समय सम्म बसेको देखेर तिनीहरू छक्क परिरहेका थिए।

- स्वर्गदूतले योसेफको सपनामा आएर तिनलाई के भने ?

- स्वर्गदूतले योसेफलाई सपनामा भने कि मरियमको गर्भमा एकजना बालक छ र त्यो पवित्र आत्मा परमेश्वरको चमत्कारको कारणले भएको हो ।

- स्वर्गदूतले भने कि मरियमले जन्माउने बालक उद्धारकर्ता परमेश्वर हुनुहुन्थ्यो ।

- स्वर्गदूतले योसेफलाई तिनले मरियमलाई स्वास्नीका रूपमा अपनाउनुपर्छ भने ?

- स्वर्गदूतले योसेफलाई तिनले मरियमले जन्माउने बालकको नाउँ येशू राख्नेछन् पनि भने ।

- येशू यस संसारमा हामी मानिसलाई बचाउन जन्मनु हुने थियो ।

- येशू हामीलाई पापको शक्तिबाट बचाउन आउनुभयो ।

- येशू हामीलाई मृत्युको शक्तिबाट बचाउन आउनुभयो ।

- येशू हामीलाई शैतानको शक्तिबाट बचाउन आउनुभयो ।

आउनुस् मत्ती १:२२-२३ पद पढौं ।

[22] त्यसपछि जकरिया बाहिर आए, तर उनी बोल्न नसक्ने भएका थिए। उनी ती मानिसहरूका अघि देखा मात्र पर्न सक्थे। तब तिनीहरूले उनले मन्दिरभित्र केही दर्शन पाएको चाल पाए। उनले तिनीहरूसित इशारा मात्र गरिरहे अनि लाटा झैं बसिरहे। [23] जब जकरियाको सेवाको दिन पूरा भयो, तिनी आफ्नो घरतिर लागे ।

- अगमवक्ताहरूले उद्धारकर्ता एकजना कुमारी कन्याबाट जन्मिनुहुनेछ भनेका थिए ।

- परमेश्वरले धैरै पहिले अगमवक्ताहरूमार्फत प्रतिज्ञा गर्नभएजस्तै येशूले कुमारी कन्याबाट जन्मिनुपर्थ्यो ।

- किनभने येशू परमेश्वर हुनुहुन्थ्यो त्यसैले उहाँका धैरै नाउँ हुने थिए ।

- येशूको अर्को नाउँ इम्मानुएल थियो ।

- इमानुएल नाउँको अर्थ के हो ?

- इमानुएल नाउँको अर्थ परमेश्वर हामीसँग भन्ने हो ।

- येशू किन इमानुएल कहलाइनु हुने थियो ?

- किनभने येशू उद्धारकर्ता परमेश्वर हुनुहुन्थ्यो जो हामीसँग बस्न आइरहनुभएको थियो ।

- जब योसेफ सपनाबाट ब्यूँझिए तिनले के गरे ?

आउनुस् मत्ती १:२४-२५ ।

[24] केही समय पछि जकरियाको पत्नी इलीशिबा गर्भवती भइन्। अनि पाँच महीनासम्म उनी घरदेखि बाहिर निस्किनन्। इलीशिबाले भनिन्, [25] "हेर, मलाई परमप्रभुले के गर्नुभएको छ। उहाँले मेरो एउटा नानी जन्मियोस् भनी निर्णय लिनु भयो। परमप्रभुले ममाथि यति कृपा गर्नु भयो कि अब उसो मानिसहरूको सामुन्नेबाट मलाई लाज मुक्त पार्नु भयो।"

- परमेश्वरले स्वर्गदूतद्वारा भन्नुभएको कुरालाई योसेफले माने ।

- योसेफले मरियमलाई तिनकी स्वास्नीको रूपमा आफ्नो घर लगे ।

- तर मरियमले तिनको गर्भमा भएको बच्चा नजन्माउन्जेलसम्म योसेफले तिनीसँग यौनसम्पर्क गरेनन् ।

- अर्को पाठमा हामी येशू ख्रीष्टको जन्मको बारेमा पढ्नेछौं ।